धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाइवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९१ ◆ २०८३ असोज ३१ शनिबार ◆ Saturday, October 17, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## एनएफएल आगामी फागुनदेखि

❑ *प्रत्युष समाचारदाता*

काठमाडौं । नेपाली फुटबललाई व्यावसायिक बनाउने उद्देश्यसहित नेपाल फुटबल लिग (एनएफएल) आगामी फागुन महिनामा हुने भएको छ ।

विभिन्न सात वटा टोली सहभागी यस प्रतियोगितामा होम एन्ड अवेका आधारमा संचालन हुने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा एनएफएलका अध्यक्ष कल्याण गुरुङले जानकारी दिनुभयो । उहाँले नेपाली फुटबलमा नयाँ अध्याय सुरु गर्ने लक्ष्यसहित यस प्रतियोगिता आयोजना गर्न लागिएको बताउनुभयो ।

नेपाली फुटबलको इतिहास लामो भए पनि सफलता हासिल गर्ने क्रममा विभिन्न चुनौती रहेको उल्लेख गर्दै ती चुनौतीलाई अवसरमा बदल्न एनएफएलको अवधारणा अघि सारिएको अध्यक्ष गुरुङले उल्लेख गर्नुभयो । लिगलाई पूर्ण व्यावसायिक प्रतियोगिताका रूपमा विकास गर्ने आयोजकको लक्ष्य रहेको उहाँले बताउनुभयो ।

करिब चार महिना सञ्चालन हुने उक्त प्रतियोगितामा काठमाडौं रेजर्स फुटबल क्लब, ललितपुर सिटी फुटबल क्लब, एफसी चितवन फुटबल क्लब, पोखरा थन्डर्स, बुटवल लुम्बिनी फुटबल क्लब, झापा एफसी र धनगढी एफसी सहभागी हुनेछन् । लिग सञ्चालनका लागि आवश्यक रङ्गशालाको उपलब्धता र अन्य तयारीलाई ध्यानमा राखेर प्रतियोगिता अघि बढाइने जनाइएको छ । अधिकांश रङ्गशाला सरकारको स्वामित्वमा रहेकाले एनएफएल सञ्चालनका लागि सरकारसँगको स्वीकृतिको प्रक्रिया अघि बढाइसकेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

## प्रहरीलाई सक्षम, व्यावसायिक बनाउने काम भइरहेको छ : गृहमन्त्री

❑ *प्रत्युष समाचारदाता*

काठमाडौं । गृहमन्त्री सुधन गुरुङले नेपाल प्रहरीलाई सक्षम, व्यावसायिक र आधुनिक बनाउन कानुनमा सुधारको तयारी भइरहेको बताउनु भएको छ ।

एकहत्तरौं प्रहरी दिवसको अवसरमा शुक्रबार आयोजित कार्यक्रममा मन्त्री गुरुङले सङ्गठनको सुधारका लागि नयाँ प्रहरी विधेयकमा काम भइरहेको बताउनु भयो ।

मन्त्री गुरुङले भन्नुभयो, "प्रहरीलाई उत्प्रेरित गर्ने गरी कानुनमार्फत सेवासुविधा थप गर्न वर्तमान सरकारले पहल गरिरहेको छ । आवास, स्वास्थ्यलगायतका सेवा सुविधा तथा सरुवा-बढुवालाई व्यवस्थित गरिनेछ ।" प्रहरीको उहाँले प्रहरीका सबै कार्यालयलाई डिजिटल बनाउने व्यवस्था मिलाउने काम अगाडि बढिरहेको बताउनुभयो ।

गृहमन्त्री गुरुङले आगामी दिनमा अवकाशप्राप्त सुरक्षाकर्मीको आत्मसम्मान अभिवृद्धिका साथै उनीहरूको ज्ञान र सीप उपयोग गर्ने सोच समेत अगाडि बढाइने छ भन्नुभयो । उहाँले अपराधले सीमा नचिन्ने उल्लेख गर्दै अन्तरदेशीय अपराध नियन्त्रण तथा अनुसन्धान गर्न सक्षम निकायका रूपमा नेपाल प्रहरी स्थापित हुन जरुरी रहेको बताउनुभयो ।

गृहमन्त्री गुरुङले भन्नुभयो, "हालै भारतको नयाँ दिल्लीमा सम्पन्न बिमस्टेक सदस्य राष्ट्रका गृहमन्त्रीको पहिलो बैठक एवं भारतीय समकक्षीसँग भएको वार्तामा सीमापार अपराध नियन्त्रण का लागि सूचना आदान प्रदान र प्रविधिको उपयोगजस्ता विषयमा सहकार्य बढाउन जोड दिएको छ । क्षेत्रीय संयन्त्रबाट सिर्जना भएको अवसरलाई नेपालको आन्तरिक सुरक्षा बलियो बनाउन उपयोग गर्नुपर्छ ।" उहाँले राज्यका संवेदनशील सूचना चुहाउनेलाई उन्मुक्ति नदिइने स्पष्ट पार्दै सूचनाको संरक्षण र गोपनीयता कायम राख्न जिम्मेवार बन्न निर्देशन दिनुभयो । गृहमन्त्री गुरुङले आर्टिफिसियल इन्टेलिजेन्स (एआई), डिजिटल फोरेन्सिक, साइबर तथा वित्तीय अपराध अनुसन्धान र डिएनए फोरेन्सिक तथा डिएनए प्रोफाइलिङजस्ता आधुनिक विषयमा क्षमता बढाउन पनि निर्देशन दिनुभयो ।

उहाँले प्रहरीको वर्दी डर र त्रासको नभई आशा, भरोसा र नागरिक-प्रहरी सहकार्यको प्रतीक बनाउन आग्रह गर्नुभयो । "नयाँ पुस्ताले सोधेको छ- राज्य हाम्रो लागि काम गर्छ कि गर्दैन ? मेरो भविष्य मेरो देश, मेरो मातृभूमिमै उज्ज्वल बन्छ कि बन्दैन ? यो विषय प्रहरी कार्यालय र यहाँहरूले देखाउने व्यवहार, निष्पक्ष अनुसन्धान तथा विपद्का समयमा गरिने उद्धारले समेत निर्धारण गर्नेछ", गृहमन्त्री गुरुङले भन्नुभयो ।

नेपाल प्रहरीका लागि आवश्यक पूर्वाधार र प्रविधिमा लगानी गर्नु आफ्नो पहिलो प्राथमिकता रहेको उल्लेख गर्दै मन्त्री गुरुङले नयाँ सरकार नयाँ जोश, जाँगर र मानसिकताका साथ जनताको सेवामा जुटेको समेत बताउनुभयो । उहाँले भन्नुभयो, "नागरिकले राज्यसँग राखेको अपेक्षा पूरा गर्न सरकारको गति र भावनाअनुसार तपाईंहरूले समेत व्यावहारिक र व्यावसायिक रूपमा आफूलाई रूपान्तरण गर्दै जान जरुरी छ । अबका दिनमा गुनासो तथा जाहेरी दर्तादेखि अनुसन्धानको क्रममा नागरिकलाई केन्द्रमा राखी कार्य सम्पादन गर्नुहोला ।"

## सुदूरपश्चिम रोयल्सको मुख्य प्रशिक्षकमा पाकिस्तानका मिसबाह उलहक नियुक्त

काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करणका लागि सुदूरपश्चिम रोयल्सले पाकिस्तानका पूर्वकप्तान मिसबाह उल हकलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको छ । पहिलो र दोस्रो संस्करणमा मुख्य प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएका जगत टमाटाको स्थानमा मिसबाहलाई नियुक्त गरिएको सुदूरपश्चिम रोयल्सले शुक्रबार सामाजिक सञ्जालमार्फत औपचारिक रूपमा जानकारी दिएको हो ।

पाकिस्तानको राष्ट्रिय टोलीबाट लामो समय खेल्नुभएका अनुभवी ब्याटर मिसबाहले अब एनपिएलमा सुदूरपश्चिमको नेतृत्व सम्हाल्नुहुने भएको हो । मिसबाहले पाकिस्तानका लागि टेस्ट, एकदिवसीय अन्तरराष्ट्रिय र टी-२० अन्तरराष्ट्रिय गरी तीनवटै प्रारूपमा खेल्नुभएको छ । उहाँले ७५ टेस्ट, १६२ एकदिवसीय अन्तराष्ट्रिय र ३९ टी-२० अन्तरराष्ट्रिय खेलमा पाकिस्तानको प्रतिनिधित्व गर्नुभएको थियो ।

खेलाडीको रूपमा स्थापित मिसबाहले कप्तानको भूमिकामा पनि पाकिस्तानको क्रिकेटमा महत्वपूर्ण योगदान दिइसक्नुभएको छ । उहाँको नेतृत्वमा पाकिस्तानले ५६ टेस्टमध्ये २६ खेल जितेको थियो ।

मिसबाहले सन् २०१५ को एकदिवसीय विश्वकपपछि सीमित ओभरका अन्तरराष्ट्रिय खेलबाट सन्यास लिनुभएको थियो । सन् २०१९ देखि २०२१ सम्म उहाँले पाकिस्तानको राष्ट्रिय पुरुष क्रिकेट टोलीको मुख्य प्रशिक्षक तथा प्रमुख छनोटकर्ताको जिम्मेवारी सम्हाल्नुभएको थियो । अन्तरराष्ट्रिय क्रिकेटमा खेलाडी र प्रशिक्षक दुवै भूमिकामा अनुभव हासिल गर्नुभएका मिसबाहको नियुक्तिले सुदूरपश्चिमको आगामी सिजनको तयारीलाई थप चासोका साथ हेरिएको छ ।

मिसबाहले पनि नेपाल आउन र सुदूरपश्चिमको प्रशिक्षक बन्न पाउँदा आफू उत्साहित रहेको प्रतिक्रिया दिनुभएको छ । उहाँले नेपाली समर्थकको क्रिकेटप्रतिको लगावबारे आफूले सुनेको उल्लेख गर्नुहुँदै छिट्टै नेपालमा भेट हुने बताउनुभएको छ । तेस्रो संस्करणको एनपिएल कात्तिक ९ गतेदेखि काठमाडौंमा आयोजना हुँदैछ ।

## सार्क महासचिव सरवारको बिदाइ भेट

काठमाडौं । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का महासचिव मोहम्मद गोलम सरवारले परराष्ट्रमन्त्री शिशिर खनालसँग बिदाइ भेट गर्नुभएको छ ।

मन्त्रालयमा शुक्रबार भएको भेटमा सार्कको महत्त्व तथा क्षेत्रीय सहकार्यलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । त्यसअवसरमा जलवायु परिवर्तन र विपद् प्रतिकार्यलगायतका क्षेत्रमा क्षेत्रीय सहयोग अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिइएको थियो ।

सो अवसरमा परराष्ट्रमन्त्री खनालले महासचिव सरवारले आफ्नो कार्यकालमा सार्कको संस्थागत विकास तथा क्षेत्रीय सहकार्य प्रवर्द्धनमा पुर्‍याउनुभएको योगदानको प्रशंसा गर्दै उहाँलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## नागरिकले प्रहरीलाई आफ्नो संरक्षक अनुभूति गर्नुपर्छः मुख्यमन्त्री थापा

❑ *प्रत्युष समाचारदाता*

बागमती । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले नागरिकले प्रहरीलाई आफ्नो संरक्षकका रूपमा अनुभूति गर्न सक्ने वातावरण तयार गर्न निर्देशन दिनुभएको छ ।

एकहत्तरौं प्रहरी दिवसका अवसरमा बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाद्वारा शुक्रबार आयोजित कार्यक्रममा उहाँले प्रहरी र नागरिकबीचको सम्बन्ध विश्वास, सहकार्य र पारस्परिक सम्मानमा आधारित हुनुपर्ने बताउनुभयो ।

नेपालको संविधान, प्रचलित कानुन र जनताको सेवाप्रति समर्पित रहँदै राष्ट्र र नागरिकको सुरक्षा, शान्ति सुव्यवस्था तथा अपराध नियन्त्रणमा प्रहरीले गरेको योगदानप्रति उहाँले सो अवसरमा सम्मान व्यक्त गर्नुभएको थियो ।

मुख्यमन्त्री थापा मगरले मुलुकको विकास, समृद्धि र सुशासनको आधार शान्ति, सुरक्षा र कानुनी शासन भएकाले नागरिकले आफ्नो घरपरिवार, व्यवसाय, पेसा र दैनिक जीवन सुरक्षित रूपमा सञ्चालन गर्न पाउने वातावरण निर्माण गर्नु राज्यको आधारभूत दायित्व भएको उहाँले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "अपराध अनुसन्धान, शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन, महिला तथा बालबालिकाको सुरक्षा, मानव बेचबिखन नियन्त्रण, लागुऔषध नियन्त्रण, साइबर अपराधको अनुसन्धान र विभिन्न सार्वजनिक सम्पत्तिको संरक्षणलगायतका क्षेत्रमा नेपाल प्रहरीले निर्वाह गर्दै आएको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो ।" विशेषगरी सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकको अधिकारको संरक्षण गर्दै कानुनको निष्पक्ष कार्यान्वयन गर्नु प्रहरी सङ्गठनको महत्वपूर्ण जिम्मेवारी भएको बताउँदै उहाँले प्रहरीप्रतिको जनविश्वास नै प्रहरी सङ्गठनको सबैभन्दा ठूलो शक्ति भएको धारणा राख्नुभयो ।

प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरिक्षक दीपक रेग्मीले देश र जनताको सुरक्षालाई प्राथमिकतामा राख्दै प्रहरी सङ्गठन निरन्तर लागि रहेको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले नागरिकले हरेक समस्यामा सबैभन्दा पहिले प्रहरी तथा प्रशासनलाई सम्झने गरेको बताउनुभयो ।



हेटौंडा उपमहानगर पालिकाका प्रमुख मीनाकुमारी लामाले शान्ति सुरक्षा तथा अमनचयनमा प्रहरीले निर्वाह गरेको भूमिका प्रशंसनीय भएको कुरा समेत बताउनुभयो ।

कार्यक्रममा अमर प्रहरीका सन्तति र समाजका विभिन्न क्षेत्रबाट योगदान पुर्‍याउने वरिष्ठ पत्रकार प्रताप विष्टलगायतलाई सम्मान गरियो ।

## नेपाली कांग्रेसको १५ औं महाधिवेशनअन्तर्गत सबै तहका मतगणना सम्पन्न

ललितपुर । नेपाली कांग्रेसको १५ औं महाधिवेशनअन्तर्गत सबै तहका मतगणना सम्पन्न भएको छ । कांग्रेसको १५ औं महाधिवेशनमा नयाँ नेतृत्व चयनका लागि भएको चुनावको सबै मतगणना शुक्रबार बिहान सकिएको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिनुभयो ।

मधेस प्रदेश र बागमती प्रदेशको अन्तिम परिणाम आएसँगै यही असोज २३ गते रातिदेखि थालिएको सम्पूर्ण पदको मतगणना सकिएको उहाँले जानकारी दिनुभयो । लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, उपत्यका, श्रमिक, सहिद परिवार तथा द्वन्द्वपीडितको तर्फबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यको मतगणना राति नै सकिएको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिनुभयो ।

त्यसैगरी सहमहामन्त्री तथा खुला र महिला केन्द्रीय सदस्य चयन हुने खस आर्य र थारू तर्फको मतगणना पनि राति अबेर सकिएको उहाँले जानकारी दिनुभयो । अहिले सबैको मतपरिणाम रुजु गर्ने कार्य भइरहेकाले केहीबेरमा सबै नतिजा सार्वजनिक गर्ने तयारी छ ।

महाधिवेशनबाट अन्य पदहरूको भने यसअघि नै गणना सम्पन्न भइसकेको थियो । मतगणना कार्य झण्डै एक हप्तामा सकिएको हो । राष्ट्रिय सभागृहमा गरिएको सभापतिको मतगणनाको परिणाम २४ गते बिहानै घोषणा भएको थियो । अन्य पदको मतगणना भने २४ गते रातिदेखि पार्टी केन्द्रीय कार्यालय बिपीनगर, सानेपामा गरिएको थियो ।

१४ औं महाधिवेशनमा चार हजार ७०० मतदाताको मतगणना गर्न १२ दिन लागेकोमा यस पटक सात हजार ३९२ मतदाताको मतगणना एक हप्तामा सकिएको निर्वाचन समितिका सदस्य सचिव कटुवालले जानकारी दिनुभयो ।

सदस्य सचिव कटुवालका अनुसार गणना सुरु भएकै दिनदेखि दिन र रातमा झण्डै २५ समूह बनाएर गणना गराइएको थियो । मतदान तथा मतगणनाका क्रममा कुनै विवाद सिर्जना नभएको र सौहार्दपूर्ण तरिकाले निर्वाचन सम्पन्न भएको उहाँको भनाइ छ ।

यस पटक झण्डै एक लाख ६२ हजार मतपत्र गणना गर्नुपरेको उहाँले जानकारी दिनुभयो । कूल २२९ पदका लागि भएको थियो भने हरेक मतदाताले २३ वटा मतपत्रमा मतदान गर्नुपर्ने व्यवस्था थियो ।

निर्वाचित पदाधिकारी तथा सदस्यको प्रमाणपत्र वितरण तथा शपथ ग्रहण कार्यक्रम भने दसैंलगत्तै गरिने जानकारी दिइएको छ ।

सम्पादकीय ....

## आज फूलपाती पर्व

नेपालीहरुका महान पर्व विजया दशमीको महत्वपूर्ण दिन आज फूलपाती पर्व हो। फूलपातीलाई बडादसैँको महत्वपूर्ण दिनका रूपमा लिइन्छ। यस दिन विभिन्न प्रकारका फूल, पात र वनस्पतिहरूलाई विधिपूर्वक पूजा गरी घरमा भित्र्याइन्छ। फूलपातीमा प्रयोग गरिने वनस्पतिहरूले प्रकृतिप्रतिको सम्मान र धार्मिक आस्थालाई झल्काउँछन्। यस दिन दुर्गा भवानीको पूजा आराधना गरी परिवारको सुख, शान्ति, समृद्धि र कल्याणको कामना गरिन्छ। धार्मिक मान्यताअनुसार देवी दुर्गाले असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजय गराएकी हुन्। त्यसैले फूलपाती पर्वले सत्य, शक्ति र साहसको सन्देश दिन्छ। आजभोलि चाडपर्व मनाउने क्रममा अनावश्यक खर्च गर्ने, देखासिकी गर्ने र प्राकृतिक स्रोतसाधनको उचित संरक्षण नगर्ने समस्या देखिन सक्छ। त्यसैले फूलपातीलाई भड्किलो तरिकाले नभई सरल, सभ्य र वातावरणमैत्री ढङ्गले मनाउनुपर्छ। चाडपर्वको नाममा हुने फजुल खर्च घटाई गरिब तथा असहाय व्यक्तिहरूलाई सहयोग गर्नु आवश्यक छ। यसो गर्दा पर्वको वास्तविक महत्त्व अझ बढ्छ।

नेपाल विविध जातजाति, भाषा, धर्म, संस्कृति र परम्पराले भरिपूर्ण देश हो। यहाँ मनाइने विभिन्न चाडपर्वमध्ये विजयादशमी नेपालीहरूको महान् पर्व हो। यस पर्वको सातौँ दिनलाई फूलपाती भनिन्छ। फूलपाती नेपालीहरूको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनसँग जोडिएको महत्वपूर्ण पर्व हो। यस दिन घरघरमा फूलपाती भित्र्याउने र देवी दुर्गाको पूजा गर्ने परम्परा रहेको छ।

फूलपातीका दिन मानिसहरू बिहानै उठेर घरआँगन सफा गर्छन्। घरमा पूजाआजा गरी फूलपाती भित्र्याउने चलन छ। गाउँघरमा परिवारका सदस्यहरू भेला भएर धार्मिक विधिअनुसार फूलपाती भित्र्याउँछन्। कतिपय स्थानमा मन्दिरहरूमा विशेष पूजा तथा धार्मिक कार्यक्रम आयोजना गरिन्छ। नेपालमा फूलपातीका दिन हनुमानढोका दरबारमा फूलपाती भित्र्याउने ऐतिहासिक परम्परा पनि रहेको छ। यस अवसरमा नेपाली सेनाको परम्परागत समारोह तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना हुने गरेका छन्।

फूलपाती पर्वले परिवार र समाजका मानिसहरूबीच आपसी प्रेम, सद्भाव र एकता बढाउन सहयोग गर्छ। रोजगारी, अध्ययन वा अन्य कारणले घरबाट टाढा रहेका मानिसहरू दसैँ मनाउन आफ्नो घर फर्कने क्रम पनि यसै समयमा बढ्छ। परिवारका सदस्यहरू एकै ठाउँमा भेला हुँदा आपसी सम्बन्ध बलियो हुन्छ। यस पर्वले नेपाली मौलिक संस्कृति, धार्मिक आस्था र परम्पराको संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्छ। नयाँ पुस्तालाई आफ्नो संस्कृति र परम्पराबारे जानकारी दिन पनि फूलपाती पर्व उपयोगी छ।

फूलपाती पर्व नेपालीहरूको धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक एकताको प्रतीक हो। यसले हामीलाई सत्यको बाटोमा हिँड्न, अन्यायको विरोध गर्न, प्रकृतिको सम्मान गर्न र आपसी सद्भाव कायम राख्न प्रेरणा दिन्छ। त्यसैले हामी सबैले फूलपाती पर्वलाई आफ्नो मौलिक परम्पराको संरक्षण गर्दै हर्षोल्लास, शान्ति र सद्भावका साथ मनाउनुपर्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाइहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाइहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०, ९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# दसैँ : आत्मजागरण र धर्मविजय

डा शोभाकर पराजुली

बडादसैँ नेपाली समाजको महान् धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक पर्व हो। यो केवल देवी दुर्गाको पूजा, टीका र जमरा ग्रहण गर्ने उत्सव मात्र नभई आत्मशुद्धि, आत्मचिन्तन, साधना र दैवी चेतनाको अनुभूति गर्ने पवित्र अवसर पनि हो। दसैँले मानिसलाई बाह्य संसारको कोलाहलबाट केही क्षण अलग भई आफ्नै अन्तर्मनलाई नियाल्न, जीवनको उद्देश्यबारे चिन्तन गर्न र सत्य, धर्म तथा सदाचारको मार्गमा अघि बढ्न प्रेरणा दिन्छ। यस पर्वको मूल सन्देश असत्यमाथि सत्यको, अधर्ममाथि धर्मको, अज्ञानमाथि ज्ञानको र नकारात्मक प्रवृत्तिमाथि सकारात्मक चेतनाको विजय हो। त्यसैले दसैँलाई बाह्य उत्सवका रूपमा मात्र नभई मानिसको आन्तरिक रूपान्तरणको महापर्वका रूपमा पनि बुझ्न आवश्यक छ।

देवी दुर्गाले महिषासुर नामक असुरको वध गरी देवता तथा समस्त प्राणीको रक्षा गरेकी थिइन्। महिषासुरको अत्याचारबाट पीडित देवताहरूको प्रार्थनापछि विभिन्न दैवी शक्तिको तेजबाट प्रकट भएकी देवी दुर्गाले अधर्म विरुद्ध सङ्घर्ष गरी धर्मको स्थापना गरेको धार्मिक आख्यान पाइन्छ।

आध्यात्मिक दृष्टिले हेर्दा महिषासुर र रावण बाह्य पात्र मात्र नभई मानिसभित्र रहेका अहङ्कार, लोभ, क्रोध, मोह, इर्ष्या, द्वेष र अज्ञानजस्ता दुर्गुणका प्रतीकका रूपमा पनि बुझ्न सकिन्छ। मानिसले बाह्य संसारमा अनेकौं उपलब्धि हासिल गरे पनि आफ्ना नकारात्मक प्रवृत्तिमाथि नियन्त्रण गर्न सकेन भने उसको आन्तरिक जीवन अशान्त रहन सक्छ। धन, पद, प्रतिष्ठा र शक्तिले भौतिक सफलता दिन सक्छन्, तर आत्मिक शान्तिका लागि विवेक, सन्तोष, करुणा र आत्मानुशासन आवश्यक हुन्छ। त्यसैले दसैँले हामीलाई अरूमाथि विजय प्राप्त गर्नुभन्दा पहिले आफ्नै कमजोरी पहिचान गर्न र तिनलाई सुधार्न सिकाउँछ। आफ्नो क्रोधलाई संयममा, घृणालाई प्रेममा, लोभलाई सन्तोषमा र अहङ्कारलाई विनम्रतामा रूपान्तरण गर्न सक्नु नै दसैँको वास्तविक आध्यात्मिक विजय हो। दसैँको सुरुआत घटस्थापना बाट हुन्छ। यस दिन विधिपूर्वक घट स्थापना गरी जमरा राखिन्छ र देवी दुर्गाको आराधना सुरु गरिन्छ। घटलाई पवित्रता, जीवन र दैवी उपस्थिति को प्रतीकका रूपमा लिने धार्मिक परम्परा छ। जमराको हरियालीले जीवनको निरन्तरता, आशा, उर्वरता, नवजीवन र समृद्धिको सन्देश दिन्छ।

नवरात्रिका नौ दिनलाई देवी दुर्गाका विभिन्न स्वरूपको आराधना गर्ने समयका रूपमा लिइन्छ। धार्मिक परम्परामा देवीका विभिन्न स्वरूपले शक्ति, ज्ञान, धैर्य, करुणा, पवित्रता र साहसजस्ता गुणहरूको प्रतिनिधित्व गर्छन्। यस अवधिमा भक्तजनहरूले आफ्नो आस्था र परम्पराअनुसार पूजा, व्रत, ध्यान तथा अन्य धार्मिक अनुष्ठान गर्छन्। यी अभ्यासले मनलाई अनुशासित बनाउन, विचारलाई शुद्ध गर्न र आत्मबल बढाउन सहयोग पुर्‍याउन सक्छन्। आध्यात्मिक साधनाको उद्देश्य केवल कुनै इच्छा पूरा गराउनु होइन, आफ्नो चेतना परिष्कृत गर्नु र जीवनलाई असल कर्मतर्फ निर्देशित गर्नु पनि हो। जब मानिस श्रद्धाका साथ आफ्ना विचार र व्यवहारको समीक्षा गर्छ, तब उसले आफ्ना कमजोरी बुझ्ने र सुधार्ने अवसर प्राप्त गर्छ। यसरी नवरात्रि बाह्य आराधनासँगै आन्तरिक साधनाको यात्रा पनि बन्न सक्छ।

दसैँका अवसरमा मनाइने फूलपाती, महाअष्टमी र महा नवमीका आफ्नै धार्मिक तथा सांस्कृतिक महत्त्व छन्। फूलपाती भित्र्याउने परम्पराले शुभता, पवित्रता र दैवी शक्तिप्रतिको श्रद्धा अभिव्यक्त गर्छ।

विजयादशमी दसैँको सबैभन्दा महत्वपूर्ण दिनमध्ये एक हो। यस दिन परिवारका ज्येष्ठ सदस्यबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने परम्परा छ। निधारमा लगाइने टीका शुभता, विजय, श्रद्धा र मङ्गल कामनाको प्रतीक हो भने जमरा जीवन, उर्वरता र समृद्धिको प्रतीकका रूपमा लिइन्छ। ज्येष्ठ व्यक्तिबाट प्राप्त आशीर्वादले दीर्घायु, स्वास्थ्य, ज्ञान, सद्बुद्धि र सफल जीवनको कामना व्यक्त गर्छ। यस परम्पराले परिवारमा सम्मान, प्रेम र आत्मीयता कायम राख्न सहयोग पुर्‍याउँछ तर यसको आध्यात्मिक अर्थ बाह्य विधिमा मात्र सीमित छैन। टीका लगाउँदा मनमा पवित्रता, जमरा ग्रहण गर्दा जीवनप्रति कृतज्ञता र आशीर्वाद लिँदा असल आचरण अपनाउने सङ्कल्प जागृत हुनुपर्छ। अग्रजको सम्मान गर्नु भनेको उहाँहरूको अनुभव र ज्ञानबाट सिक्नु हो भने नयाँ पुस्तालाई नैतिकता, करुणा र जिम्मेवारीको संस्कार दिनु पनि उत्तिकै महत्त्वपूर्ण छ। दसैँको वास्तविक आध्यात्मिक साधना मन्दिरमा दीप प्रज्वलन गर्नुमा मात्र सीमित हुँदैन; आफ्नै हृदयमा सत्य, करुणा र मानवताको दीप बाल्नुमा पनि निहित हुन्छ। देवी दुर्गाको आराधना गर्नु भनेको अन्यायविरुद्ध उभिने साहस र निर्बलको संरक्षण गर्ने भावना विकास गर्नु हो। भगवान् श्रीरामको आदर्श स्मरण गर्नु भनेको मर्यादा, त्याग, कर्तव्य र नैतिकतालाई जीवनमा अपनाउनु हो। यदि हामीले पूजा त गर्यौं तर मनमा घृणा राखिरह्यौं, टीका त लगायौं तर सम्बन्धमा कटुता कायम राख्यौं र आशीर्वाद त लियौं तर अरूप्रति करुणा देखाउन सकेनौं भने यस पर्वको आध्यात्मिक उद्देश्य अधुरो रहन्छ। साँचो पूजा शुद्ध मनमा, साँचो धर्म असल कर्ममा र साँचो भक्ति निःस्वार्थ प्रेममा प्रकट हुन्छ। मानिसको व्यवहारमा सद्गुण देखिनु नै उसको धार्मिक चेतनाको महत्त्वपूर्ण अभिव्यक्ति हो।

दसैँले परिवार, समाज र समग्र मानवताबीच सद्भाव स्थापित गर्ने अवसर पनि प्रदान गर्छ। रोजगारी, अध्ययन वा अन्य कारणले घरबाट टाढा रहेका परिवारका सदस्यहरू सम्भव भएसम्म एक ठाउँमा भेला हुन्छन्। आफन्तसँग भेटघाट गर्ने, ज्येष्ठ नागरिकबाट आशीर्वाद लिने, सानालाई माया गर्ने र आपसी सम्बन्धलाई सुमधुर बनाउने परम्पराले पारिवारिक एकतालाई बलियो बनाउँछ। यस अवसरमा पुराना मनमुटाव त्याग्ने, गल्तीका लागि क्षमा माग्ने र अरूलाई क्षमा गर्ने अभ्यासले सम्बन्धमा नयाँ सुरुवात ल्याउन सक्छ। क्षमा गर्नु कमजोरी होइन; यो मनलाई द्वेषको भारबाट मुक्त गर्ने आध्यात्मिक गुण हो। प्रेम र सद्भावले भरिएको परिवार नै शान्त समाजको आधार हो। त्यसैले दसैँलाई केवल पारिवारिक जमघटमा सीमित नराखी सामाजिक सद्भाव र मानवीय एकताको पर्वका रूपमा पनि मनाउनुपर्छ।

धर्मको वास्तविक सार विभाजन होइन, एकता हो; भक्तिको सार देखावा होइन, समर्पण हो; र आध्यात्मिकताको सार संसारबाट पलायन हुनु होइन, संसारमा रहेर पनि सत्य, करुणा र विवेकका साथ जीवन बिताउनु हो। धर्मको नाममा घृणा फैलाउनु, अरूको आस्थालाई अपमान गर्नु वा मानिसलाई जाति, भाषा, क्षेत्र र आर्थिक अवस्थाका आधारमा विभाजन गर्नु आध्यात्मिक चेतनाको उद्देश्यसँग मेल खाँदैन। धार्मिक आस्थाको सम्मान गर्दै सबै मानिसप्रति न्यायपूर्ण र करुणामय व्यवहार गर्नु आवश्यक छ। दसैँको खुसी त्यतिबेला अझ अर्थपूर्ण हुन्छ, जब हामी दुःखी, असहाय, आर्थिक रूपमा कमजोर तथा एक्लोपनमा रहेका मानिसलाई सम्झन्छौं र आफ्नो क्षमताअनुसार सहयोग गर्छौं। भोकालाई भोजन, निराश व्यक्तिलाई आशा, एक्लो व्यक्तिलाई साथ र दुःखीलाई सान्त्वना दिनु पनि मानवताप्रतिको पवित्र सेवा हो। भौतिकवादी र प्रतिस्पर्धात्मक युगमा मानिस धन, पद, प्रतिष्ठा र सफलताको खोजीमा निरन्तर व्यस्त छ। प्रविधि र भौतिक सुविधाले जीवनलाई सहज बनाएका छन्, तर मानिसको आन्तरिक शान्ति सधैँ त्यसैअनुसार बढेको छैन। धेरै अवस्थामा बाह्य उपलब्धिका बीच पनि असन्तोष, चिन्ता र मानसिक अशान्ति रहन सक्छ। यस्तो अवस्थामा दसैँले मानिसलाई केही क्षण रोकिन, आफ्नो जीवनलाई नियाल्न र आफूले पछ्याइरहेको मार्गबारे सोच्न प्रेरित गर्छ। हामीले कति सम्पत्ति कमायौं भन्ने प्रश्नसँगै कति असल काम गर्यौं, कति सम्बन्ध जोगायौं, कति मानिसको दुःख कम गर्न सक्यौं र आफ्नो मनलाई कति शान्त बनाउन सक्यौं भन्ने प्रश्न पनि महत्त्वपूर्ण हुन्छ। भौतिक समृद्धि र आध्यात्मिक सन्तुलनबीच सामञ्जस्य कायम गर्न सक्नु नै अर्थपूर्ण जीवनको आधार हो।

दसैँको अवसरमा हामीले केही आत्मिक सङ्कल्प गर्न सक्छौं। असत्यको सट्टा सत्य बोल्ने, घृणाको सट्टा प्रेम रोज्ने, अहङ्कारको सट्टा विनम्रता अपनाउने, लोभको सट्टा सन्तोष विकास गर्ने र स्वार्थको सट्टा सेवाभावलाई प्राथमिकता दिने सङ्कल्प हाम्रो जीवन परिवर्तन गर्ने आधार बन्नसक्छ। अरूलाई दोष दिनुअघि आफ्ना कमजोरी पहिचान गर्नु, गल्ती हुँदा स्वीकार गरी सुधार्नु, सफलता प्राप्त गर्दा विनम्र रहनु र कठिनाइमा धैर्य नछोड्नु पनि आध्यात्मिक अभ्यास हुन्। नियमित प्राथना, ध्यान, आत्मचिन्तन र सत्कर्मले मनलाई शान्त र विचारलाई स्पष्ट बनाउन सहयोग पुर्याउन सक्छन्। धार्मिक अनुष्ठान को प्रभाव हाम्रो दैनिक व्यवहारमा देखिन थालेपछि दसैँको सन्देश पर्वको अवधिभन्दा धेरै परसम्म फैलिन्छ।

देवी दुर्गासँग शक्ति माग्नु भनेको सत्यको पक्षमा उभिने साहस र अन्यायको सामना गर्ने दृढता माग्नु हो। समृद्धिकी देवी लक्ष्मीको कृपा चाहनु भनेको धनसँगै विवेक, सन्तोष र सदुपयोगको भावना विकास गर्नु हो।

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं।
जलवायु-उत्थानशील समाज निर्माण गरौं।

नेपाल सरकार,
विज्ञापन बोर्ड

# एक वर्षमा ४६ वन्यजन्तुको उद्धार

प्रत्यूष समाचारदाता

दमौली । डिभिजन वन कार्यालय तनहुँले एक वर्षमा जिल्लाका विभिन्न स्थानबाट ४६ वन्यजन्तुको उद्धार गरेको छ । अधिकांशलाई जीवितै उद्धार गरिएको छ भने केही मृत तथा घाइते अवस्थामा फेला परेका हुन् ।

जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार गत आर्थिक वर्षमा चितुवा, चरीबाघ, मृग, अजिङ्ग, सर्प, गिद्ध, बाँदर, स्याल लगायत वन्यजन्तुको उद्धार तथा व्यवस्थापन गरिएको हो । कार्यालय ले जीवित उद्धार गरिएका वन्यजन्तु लाई सुरक्षित रूपमा प्राकृतिक वासस्थान मा छाड्ने गरेको छ भने मृत फेला परेका वन्यजन्तुलाई सुरक्षित रूपमा गाड्ने गरेको उहाँले बताउनुभयो । सो अवधिमा दुई चितुवा मृत अवस्थामा फेला परेका थिए भने एउटा चितुवालाई जीवितै उद्धार गरिएको थियो । एउटा चितुवा घाइते अवस्थामा फेला परेको थियो । त्यसैगरी एउटा चरीबाघ जीवितै उद्धार गरिएको रानाभाटले बताउनुभयो ।

त्यस्तै, पाँच वटा मृग जीवितै उद्धार गरिएका थिए भने एउटा मृग मृत अवस्थामा फेला परेको थियो । चार अजिङ्गर, २७ सर्प, एउटा गिद्ध र तीन भार्से जीवितै उद्धार गरिएको रानाभाटले जानकारी दिनुभयो । उहाँका अनुसार एउटा स्याल भने मृत अवस्थामा फेला परेको थियो ।

वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्ने, घाइते अवस्थामा भेटिने वा अन्य कारणले जोखिममा पर्ने घटनामा कार्यालयले उद्धार तथा व्यवस्थापनको काम गर्दै आएको छ । जीवित उद्धार गरिएका वन्यजन्तु लाई प्राकृतिक वासस्थानमा सुरक्षित रूपमा छाड्ने गरिएको कार्यालयले जनाएको छ ।

वन्यजन्तुबाट मानिस, पशुधन तथा कृषिबालीमा भएको क्षतिबापत डिभिजन वन कार्यालय तनहुँले सो अवधिमा रु सात लाख ३९ हजार ३७० राहत वितरण गरेको छ । बाँदर र भालुको आक्रमणबाट मानिस घाइते भएकालाई राहत स्वरूप रु दुई लाख १८ हजार एक सय वितरण गरिएको छ ।

त्यसैगरी, वन्यजन्तुको आक्रमणबाट पशुधनमा क्षति पुगेका किसानलाई रु पाँच लाख सात हजार राहत वितरण गरिएको छ । पशुधन क्षतिअन्तर्गत ५१ बाख्रा, एउटा गोरु र एउटा पाँडा क्षति भएको कार्यालयले जनाएको छ ।

वन्यजन्तुबाट कृषिबालीमा पुगेको क्षतिबापत रु १४ हजार दुई सय ५० राहत वितरण गरिएको छ । बाँदरले मकैबालीमा क्षति पुर्याउँदा किसान प्रभावित भएको कार्यालयको विवरणमा उल्लेख छ । वन्यजन्तुको उद्धार तथा क्षतिको राहत वितरणले जिल्लामा मानव र वन्यजन्तुबीचको द्वन्द्व व्यवस्थापनको आवश्यकता देखाएको छ । वन्यजन्तु बस्तीमा प्रवेश गर्दा मानिसको सुरक्षामा जोखिम बढ्नुका साथै पशुधन र कृषिबालीमा समेत क्षति पुग्ने गरेको रानाभाटले बताउनुभयो ।

वन्यजन्तुको संरक्षणसँगै स्थानीय बासिन्दाको सुरक्षा र जीविकोपार्जनमा पर्ने असर न्यूनीकरण गर्नु आवश्यक देखिएको उहाँको भनाइ छ । डिभिजन वन कार्यालय तनहुँले वन्यजन्तु उद्धार र व्यवस्थापनसँगै प्रभावितलाई राहत उपलब्ध गराउने काम गर्दै आएको छ ।

# नीतिगत सुधार र व्यवसायमैत्री वातावरण निर्माणमा जोड

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठको नेतृत्वमा गएको महासङ्घको प्रतिनिधिमण्डलले बिहीबार पूर्वाधार विकासमन्त्री सुनिल लम्सालसँग भेट गरी निजी क्षेत्रले भोगिरहेका समस्या, नीतिगत सुधार र अर्थतन्त्रलाई चलायमान बनाउने विषयमा छलफल गरेको छ ।

भेटमा मन्त्री लम्सालले आर्थिक विकास, समृद्धि र व्यवसाय मैत्री वातावरण निर्माणका लागि नीतिगत सुधारलगायत काम भइरहेको बताउनुभयो । सिंहदरबार स्थित पूर्वाधार विकास मन्त्रालयमा भएको क्रममा महासङ्घका अध्यक्ष श्रेष्ठले मुलुकमा लगानीको वातावरण निर्माण, व्यवसाय सञ्चालनमा देखिएका नीतिगत तथा व्यावहारिक कठिनाइको समाधान, बाढीपहिरोपछि प्रभावित आर्थिक गतिविधिको पुनरुत्थान र निर्यात प्रवर्द्धनका लागि सरकारले प्राथमिकताका साथ काम गर्नुपर्ने धारणा राख्नुभयो ।

निजी क्षेत्रले भोगिरहेका समस्या र सुधार गर्नुपर्ने विषयलाई स्पष्ट रूपमा सरकारसमक्ष राख्न आग्रह गर्दै मन्त्री लम्सालले आर्थिक गतिविधि विस्तारका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो । "निजी क्षेत्रका समस्याहरु के के छन् । के कस्ता कानुनी सुधार गर्दा देशमा आर्थिक गतिविधि बढ्छ । रोजगारी सिर्जना हुन्छ । अर्थतन्त्र चलायमान हुन्छ । सरकार त्यो गर्न तयार छ । ती समस्या निजी क्षेत्रले खुलस्त राखोस्", उहाँले भन्नुभयो । उहाँले स्थानीय उद्योगहरुको प्रवर्द्धन तथा दिगो सञ्चालनका लागि तत्पर रहेको पनि बताउनुभयो ।

अध्यक्ष श्रेष्ठले उद्योग व्यवसाय सञ्चालनमा देखिएका समस्याको समाधान, लगानीमैत्री नीति तथा कानुनी व्यवस्था, पूर्वाधार विकास र निजी क्षेत्रको मनोबल अभिवृद्धिमा सरकारको ध्यानाकर्षण गराउनुभयो । "सरकार सबैको अभिभावक हो । निजी क्षेत्र उत्पादन र उत्पादकत्व वृद्धि, निर्यात विस्तार तथा रोजगारी सिर्जनामार्फत अर्थतन्त्रलाई गतिशील बनाउन सधैँ तयार छ । यसका लागि सरकार र निजी क्षेत्रबीच प्रभावकारी सहकार्य आवश्यक छ", उहाँले भन्नुभयो । अध्यक्ष श्रेष्ठले उद्योगी-व्यवसायीले भोगिरहेका नीतिगत, प्रशासनिक तथा व्यावहारिक समस्याको पहिचान गरी समाधान गर्न र लगानी विस्तारमा देखिएका अवरोध हटाउन सरकारसँग आग्रह गर्नुभयो ।

# महिलाका उत्पादनलाई पहिचान दिलाउन 'ट्रेडमार्क' अभियान

ललितपुर । महिला उद्यमी महासङ्घ नेपालले महिला उद्यमीका उत्पादन लाई राष्ट्रिय पहिचान दिलाउँदै बजार पहुँच विस्तार गर्ने उद्देश्यले 'म उद्यमी ट्रेडमार्क' अभियानलाई देशव्यापी रूपमा अघि बढाउने भएको छ ।

महिला उद्यमीहरूद्वारा उत्पादित वस्तुको पहिचान, प्रवर्द्धन तथा बजार पहुँच विस्तार गर्ने उद्देश्यले अगाडि बढाइरहेको म उद्यमी ट्रेडमार्क (व्यापारिक चिह्न) सामूहिक चिह्न अभियानका बारेमा जानकारी दिन महासङ्घद्वारा बिहीबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष दर्शना श्रेष्ठले यो अभियानलाई देशभरका महिला उद्यमीसम्म विस्तार गर्ने बताउनु भएको हो ।

"गुणस्तरीय उत्पादन मात्रै पर्याप्त हुँदैन, उत्पादनले आफ्नो पहिचान निर्माण गर्नुपर्छ, उपभोक्ता को विश्वास जित्नुपर्छ र बजारमा विशिष्ट स्थान हासिल गर्नुपर्छ", उहाँले भन्नुभयो । अध्यक्ष श्रेष्ठका अनुसार 'मेरो पहिचान, मेरो उद्यम' भन्ने मूल भावनाका साथ अघि बढाइएको 'म उद्यमी' अभियानले महिला उद्यमी र उनीहरूका उत्पादनलाई एउटै साझा पहिचान मा जोड्नेछ ।

नेपाली महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवामा स्थानीय सीप, संस्कृति, मौलिकता, परिश्रम र सिर्जनशीलता प्रति बिम्बित भए पनि धेरै उत्पादनले अझै बजारमा अपेक्षित पहिचान र अवसर पाउन नसकेको अध्यक्ष श्रेष्ठले बताउनुभयो । 'म उद्यमी' ट्रेडमार्कले महिला उद्यमीका उत्पादन पहिचान गर्न, उपभोक्ताको विश्वास बढाउन तथा बजारमा तिनको दृश्यता र व्यावसायिक अवसर विस्तार गर्न सहयोग पुग्ने उहाँको भनाइ छ । गत असारमा प्रधानमन्त्रीसँग भएको भेटका क्रममा 'म उद्यमी' ट्रेडमार्कको महत्व र यसको पहुँच विस्तार गर्ने विषयमा विशेष चासो व्यक्त भएको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले यसलाई राष्ट्रिय अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता जनाउनुभयो ।

महिला उद्यमी महासङ्घ नेपालले सातै प्रदेश तथा जिल्ला स्थित महिला उद्यमी सङ्घमार्फत महिला उद्यमीको क्षमता अभिवृद्धि, नीतिगत पैरवी, वित्तीय तथा बजार पहुँच विस्तार र व्यावसायिक सञ्जाल निर्माणमा काम गर्दै आएको उहाँले जानकारी दिनुभयो । महिला नेतृत्वमा सञ्चालित उद्यमलाई दिगो, प्रतिस्पर्धी र सफल बनाउनु महासङ्घको प्रमुख उद्देश्य रहेको उहाँको भनाइ छ ।

कार्यक्रममा उद्यमी तथा व्यावसायिक प्रोफाइलिङ, 'म उद्यमी' अन्तर्गतका उत्पादनको प्रदर्शनी र सञ्चारमाध्यमसँगको सहकार्यलाई प्राथमिकतामा राखिएको थियो । त्यस्तै, प्रदर्शनी मार्फत उपभोक्ता, वितरक, व्यावसायिक साझेदार तथा सम्भावित बजारलाई महिला उद्यमीका उत्पादनसँग परिचित गराउने उद्देश्य राखिएको छ । महिला उद्यमीका उत्पादनलाई बजारसम्म पुर्याउन प्रचारप्रसार र प्रवर्द्धनमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्यमशीलता र सफलता का कथालाई आम नागरिकसम्म पुर्याउन सञ्चारकर्मीलाई आग्रह गर्नुभयो ।

आगामी दिनमा 'म उद्यमी' अभियानको पहुँच विस्तार, उद्यमी तथा उत्पादनको व्यवस्थित अभिलेखीकरण, गुणस्तर अभिवृद्धि, 'ब्रान्डिङ' तथा 'प्याकेजिङ' सुधार र 'डिजिटल' उपस्थिति सुदृढीकरण मा काम गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । यसका लागि प्रदेश तथा जिल्ला सङ्घ, सरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र र सञ्चारमाध्यमसँग सहकार्य गरिने बताउनुभयो ।

म उद्यमी' कुनै सीमित समूहको अभियान नभई हिमाल, पहाड र तराईमा रहेका सबै महिला उद्यमीका उत्पादनलाई साझा राष्ट्रिय पहिचान दिलाउने प्रयास भएको उल्लेख गर्दै उहाँले यसलाई नेपाली उत्पादनको विश्वास, गुणस्तर, मौलिकता र महिला उद्यमशीलताको प्रतीकका रूपमा स्थापित गर्ने लक्ष्य रहेको समेत बताउनुभयो । महासङ्घका प्रथम उपाध्यक्ष सुनिता वैद्य श्रेष्ठले उक्त अभियानप्रति चासो र विश्वास व्यक्त गर्दै यसको पहुँच देशभर विस्तार गर्न प्रेरणा दिएकामा प्रधानमन्त्रीप्रति आभार व्यक्त गर्नुभयो । द्वितीय उपाध्यक्ष वासन्ती प्रधानले महिला उद्यमीहरूका उत्पादनलाई प्रचार-प्रसार गर्न सार्वजनिक निजी संवाद 'पोडकाष्ट सिरिज' सञ्चालन भइरहेको जानकारी गराउनुभयो ।

त्यस्तै, महासचिव सविता सुवेदीले सामूहिक 'ट्रेडमार्क प्रोफाइलिङ'बाट महिला उद्यमीको अवस्था, उत्पादनको विविधता, बजार आवश्यकता र व्यावसायिक सम्भावनाबारे तथ्यगत विवरण सङ्कलन हुने अपेक्षा गरिएको जानकारी गराउनुभयो ।

# जलवायु कूटनीतिमा नेपालले नेतृत्व लिनुपर्नेमा जोड

काठमाडौँ । राष्ट्रियसभा सदस्य जितजङ्ग बस्नेतले विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको क्षति र जोखिमलाई अन्तरराष्ट्रिय मञ्चमा सशक्त रूपमा उठाउनुपर्ने बताउनु भएको छ ।

राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिमा विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपालमा परेको गम्भीर क्षति तथा आगामी जलवायु परिवर्तनसम्बन्धी सम्मेलनलगायत अन्तरराष्ट्रिय कूटनीतिक प्रवर्द्धनका विषयमा भएको छलफलमा उहाँले जलवायु मुद्दामा नेपालले नेतृत्व दायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

बैठकमा सांसद उर्मिला अर्यालले जलवायु परिवर्तनका असर बारे अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै नेपालले आफ्ना मुद्दा सशक्त रूपमा प्रस्तुत गर्नुपर्ने बताउनुभयो । सांसद कमला पन्थले नेपालको आर्थिक समृद्धिका लागि जलविद्युत् र पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । विद्युत् उत्पादन र विद्युतीय गतिविधिको विस्तारसँगै पर्यटन प्रवर्द्धनबाट पनि देशको आर्थिक विकासमा योगदान पुग्ने उहाँको भनाइ छ । सांसद घनश्याम रिजालले विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्नुपर्ने बताउनुभयो । संरक्षणसम्बन्धी झन्झटिला व्यवस्था हटाउँदै जनतालाई केन्द्रमा राखेर प्राकृतिक स्रोतको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सांसद सम्झना देवकोटाले जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि प्रभावकारी पहल गर्नुपर्ने बताउनुभयो । उहाँले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा समेत ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो ।

सांसद भुवन सुनुवारले जलवायुजन्य विपद्का कारण जनधनको क्षति हुनाका साथै नागरिक विस्थापित हुनुपर्ने अवस्था सिर्जना भइरहेको बताउनुभयो । जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम सम्बोधन गर्न प्रभावकारी नीति तथा कार्यक्रम आवश्यक रहेको उहाँको भनाइ छ । बैठकमा नेपालले आगामी अन्तरराष्ट्रिय जलवायु सम्मेलनमा उठाउनुपर्ने विषय, जलवायु कूटनीतिको प्रवर्द्धन तथा जलवायु परिवर्तनबाट प्रभावित समुदायको संरक्षणका विषयमा छलफल भएको थियो ।

# दशौँ राष्ट्रिय खेलकुदमा कर्णालीका २१ जना तेक्वान्दो खेलाडी छानिए

जुम्ला । जुम्लामा भएको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको छनोट खेलमा कर्णाली प्रदेशका २१ जना तेक्वान्दो खेलाडी छनोट भएका छन् । बिहीबार आयोजित कर्णाली प्रदेशस्तरीय तेक्वान्दो खेलाडी छनोट प्रतियोगितामा हुम्ला र डोल्पाबाहेक कर्णाली प्रदेशका दशमध्ये आठ जिल्लाका ९३ जना खेलाडीले भाग लिएका खेलकुद विकास समिति जुम्लाका प्रमुख कविदत्त न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार तीन दिनसम्म सञ्चालन भएको छनोट प्रतियोगिताबाट कर्णाली प्रदेशका २१ जना तेक्वान्दो खेलाडी दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि छनोट भएका छन् । जुम्ला, कालीकोट, मुगु, दैलेख, सुर्खेत, जाजरकोट, सल्यान र रुकुम पश्चिमबाट कूल ९३ जना खेलाडी सहभागी भएका जनाउँदै उहाँले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गराउँदा २१ जना खेलाडी प्रथम हुँदै राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि छनोट भएका बताउनुभयो । उक्त खेलमा छनोट भएका खेलाडी पुरुषतर्फ रुकुम पश्चिमका लालबहादुर परियार, कमल खड्का, खड्क विक र रमेश गुरुङ, कालीकोटका विराज बम, सुर्खेतका जीवन सार्की, सल्यानका योगेन्द्र शाह र लीलाधर नेपाली तथा जुम्लाका नरेन्द्र रावत छन् । महिलातर्फ जुम्लाकी निशा बुढा, सरला खत्री र ज्ञानिता कुलाल तथा सुर्खेतकी दिप्ती नेपाली, देवीसरा सुनार र विविका बस्नेत छनोट भएका छन् ।

साथै पूजा गाहा, मोनिमा दर्लामी र पूजा खत्रीलगायत खेलाडी पनि राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएको खेलकुद विकास समितिको कार्यालय जुम्लाले जनाएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका खेलाडीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको खेलकुद विकास समिति जुम्लाले जनाएको छ ।

# रकम ठगी गर्ने एक जना बिचौलिया पक्राउ

वीरगञ्ज । प्रहरीले रकम ठगी गर्ने एक जना बिचौलियालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय का अनुसार वीरगञ्ज भन्सार कार्यालयहरूबाट लिलाम बिक्री हुने सवारी साधन तथा घरायसी प्रयोजनका सरसामान कम मूल्यमा उपलब्ध गराइदिने प्रलोभन देखाई बिचौलियाको कार्यमा संलग्न सर्लाही घर भई हाल काठमाडौँ डेरा गरी बस्ने अन्दाजी २७ वर्षीय प्रवीण साहलाई आज वीरगञ्जबाट पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार बिचौलिया साहले 'आफू सशस्त्र प्रहरी सहायक निरीक्षक रहेको र भन्सार कार्यालयको एजेन्टसँग आफ्नो राम्रो चिनजान छ' भनी सर्वसाधारणलाई झुक्याई लिलाम बिक्री साकार गर्न तयार भएका व्यक्तिलाई विभिन्न आश्वासन दिई विभिन्न बैङ्क खातामा रकम जम्मा गर्न लगाई तत्पश्चात् सम्पर्कविहीन भएका थिए । उहाँका अनुसार निजलाई वीरगञ्ज महानगर पालिका-८ घण्टाघरस्थित प्रहरी कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरी कानुन बमोजिम म्याद थप भई अनुसन्धान अगाडि बढाएको छ । बिचौलिया कार्यमा संलग्न रहेका अन्य व्यक्तिको पहिचान गर्ने कार्यका लागि प्रहरी कार्यालयबाट विशेष निगरानी र आवश्यक प्रमाण सङ्कलन कार्य भइरहेको प्रहरी नायब उपरीक्षक मल्लले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बिचौलिया को काम गर्ने व्यक्तिहरू कानुनी कारबाहीको दायरामा आउने भएकाले बिचौलिया काम गर्ने व्यक्तिको विश्वासमा नपर्न, सम्पर्कमा नबस्न तथा बिचौलियाको काम गर्ने व्यक्तिहरुको सम्बन्धमा कुनै सूचना भएमा नजिकको प्रहरी कार्यालयमा उपलब्ध गराउन पनि सर्व साधारणमा जानकारी गराइन्छ ।"

# एलडिसी स्तरोन्नति : नेपालको तयारी

काठमाडौं । नेपाल अतिकम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नति भएपछि सृजना हुनसक्ने चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सरकार र निजी क्षेत्रले तत्कालै तयारी थाल्नुपर्नेमा निर्यात व्यवसायीहरूले जोड दिएका छन्। स्तरोन्नतिको समयावधि थपिए पनि त्यसलाई तयारीका लागि उपलब्ध अतिरिक्त समयका रूपमा उपयोग गर्दै निर्यात प्रवर्द्धन, उत्पादनको गुणस्तर सुधार र अन्तरराष्ट्रिय बजारमा नेपाली वस्तुको पहुँच विस्तार गर्नुपर्ने उनीहरूको भनाइ छ।

निर्यात व्यवसायी महासङ्घ नेपाल (फिन)को आयोजना तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को सहयोगमा शुक्रबार आयोजित 'नेपालको एलडीसी स्तरोन्नतिः निर्यातमुखी उद्यमका चुनौती र अवसर' विषयक राष्ट्रिय संवादमा सहभागी सरकारी अधिकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरूले यस्तो धारणा राखेका हुन्। नेपालले एलडीसीबाट स्तरोन्नति हुने समयावधि थप गर्न तीन वर्षको समय माग गरेको सन्दर्भमा सहभागीहरूले तयारीलाई पछि सार्नेभन्दा अहिलेबाटै योजना बद्ध रूपमा अघि बढ्नुपर्ने बताए। उनीहरूले निर्यात प्रवर्द्धन र औद्योगिक विकासका लागि सरकारले अघि सारेका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा समेत जोड दिए। कार्यक्रममा नीति निर्माणमा मात्र सीमित नभई कार्यान्वयनलाई प्राथमिकता दिन, निजी क्षेत्रले भोगिरहेका व्यावहारिक समस्या समाधान गर्न तथा निर्यातमैत्री वातावरण निर्माण गर्न सरकारसँग आग्रह गरिएको थियो। विशेषगरी साना तथा मझौला निर्यातमुखी उद्यमको क्षमता विकास, उत्पादन लागत घटाउने, उत्पादकत्व बढाउने र गुणस्तर सुधार गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्ने सहभागीहरूको निष्कर्ष थियो।

कार्यक्रममा परराष्ट्र मन्त्रालयको संयुक्त राष्ट्रसङ्घ तथा विशिष्टीकृत निकाय महाशाखाका प्रमुख एवं सहसचिव कृष्णप्रसाद ढकालले निजी क्षेत्रलाई सुदृढ बनाउँदै अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउनु सरकारको प्राथमिकता रहेको बताउनुभयो। परराष्ट्र मन्त्रालयको आर्थिक कूटनीतिक महाशाखाका प्रमुख मणिरत्न शर्माले विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले निर्यात प्रवर्द्धनका लागि कार्ययोजना बनाएर काम गरिरहेको जानकारी दिँदै स्तरोन्नतिका चुनौती सामना गर्न समयमै तयारी गर्नुपर्ने बताउनुभयो।

निर्यात व्यवसायी महासङ्घ नेपालका अध्यक्ष गोविन्दप्रसाद घिमिरेले स्तरोन्नतिपछि नेपाली उत्पादनले अन्तरराष्ट्रिय बजारमा सामना गर्न सक्ने चुनौतीलाई ध्यानमा राखेर उत्पादन लागत न्यूनीकरण, गुणस्तर सुधार, उत्पादकत्व वृद्धि र प्रतिस्पर्धात्मक क्षमता विकासमा जोड दिनुभयो। उहाँले नेपाली वस्तुको अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने क्षमता बढाउनु आवश्यक रहेको बताउनुभयो। फिनका वरिष्ठ उपाध्यक्ष देवानन्द सरावगीले स्तरोन्नतिको समयावधि थपिए पनि तयारीमा ढिलाइ गर्न नहुने बताउनुभयो भने कार्यकारी निर्देशक रामसुदन तिमल्सिनाले नेपालको एलडीसी स्तरोन्नतिसम्बन्धी चुनौती र अवसरबारे साझा धारणा निर्माण गर्दै निर्यात क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्रले संयुक्त रूपमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

अन्तरराष्ट्रिय श्रम सङ्गठनको एलडीसी स्तरोन्नति परियोजनाका राष्ट्रिय परियोजना संयोजक प्रकाश शर्माले स्तरोन्नतिलाई चुनौतीका रूपमा मात्र नभई अवसरका रूपमा लिनुपर्ने बताउँदै त्यसका लागि तयारी तत्काल सुरु गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा साउथ एसियन वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भारमेन्टका कार्यकारी निर्देशक डा पारस खरेलले 'एलडीसी स्तरोन्नतिः निर्यातमुखी साना तथा मझौला उद्यमका अवसर, चुनौती र प्रभाव' विषयमा तथ्याङ्कसहित प्रस्तुति दिनुभएको थियो।

त्यसपछि भएको प्यानल छलफलमा सरकारी निकाय तथा निजी क्षेत्रका प्रतिनिधिहरूले स्तरोन्नतिले निर्यातमुखी उद्यममा पार्नसक्ने प्रभाव, चुनौती र सम्भावित अवसरबारे धारणा राखेका थिए।

# सभामुखसँग अमेरिकी कावा राजदूत शिष्टाचार भेट

काठमाडौं । सभामुख डोलप्रसाद (डिपी) अर्यालसँग नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत मेगन बाउल्डिनले शिष्टाचार भेट गर्नुभएको छ।

सो अवसरमा सभामुख अर्यालले भोटेकोशी बाढीबाट उत्पन्न विपद्का बेला नेपालप्रति देखाएको ऐक्यबद्धता र सहयोगका लागि अमेरिकी सरकारप्रति धन्यवाद व्यक्त गर्नुभयो। सभामुख अर्यालले तान्जानियाको आरुषामा हालै सम्पन्न अन्तरव्यवस्थापिका सङ्घ (आइपीयू) को १५३औं महासभामा नेपालका तर्फबाट प्रस्तुत 'जलवायु सम्बन्धी विपद्को सामना गर्न तथा हिमालय क्षेत्र र अन्य जोखिममा रहेका क्षेत्रको उत्थानशीलता सुदृढ गर्न तत्काल संसदीय पहल' विषयक आपत्कालीन एजेन्डा दुईतिहाइभन्दा बढी मतसहित पारित भएको जानकारी गराउनुभयो।

जलवायु परिवर्तनका कारण उत्पन्न विपद्बाट प्रभावित तथा जोखिममा रहेका क्षेत्रको क्षति न्यूनीकरण, विपद् पूर्वतयारी र उत्थानशीलता सुदृढीकरणका साथै यस विषयमा अन्तरराष्ट्रिय तथा



अन्तरसंसदीय सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा सभामुख अर्यालले जोड दिनुभयो।

भेटमा नेपाल-अमेरिका सम्बन्ध, आपसी सहयोग तथा साझा चासोका विषयमा समेत विचार आदानप्रदान भएको थियो।

# उपराष्ट्रपति यादवसँग प्रधान सेनापति सिग्देलको शिष्टाचार भेट

काठमाडौं। उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग प्रधान सेनापति अशोकराज सिग्देलले शिष्टाचार भेट गर्नुभएको छ।

शुक्रबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा आज उहाँहरूबीच मुलुकको समग्र सुरक्षा अवस्था, समसामयिक राष्ट्रिय विषयलगायत विविध पक्षमा छलफल भएको थियो।

त्यस अवसरमा उपराष्ट्रपति यादवले मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता र आन्तरिक सुरक्षा कायम राख्न नेपाली सेनाले खेल्दै आएको भूमिका र भोटेकोशी बाढीले निम्त्याएको विपत्तिमा सेनाले पुर्‍याएको महत्त्वपूर्ण योगदानको उच्च प्रशंसा गर्नुभयो।

प्रधान सेनापति सिग्देलले देशभरको सुरक्षा प्रबन्ध, सीमा सुरक्षा



र शान्तिसुरक्षाको वर्तमान अवस्था तथा भोटेकोशी विपत्तीमा सेनाले गरेको उद्धार कार्यबारे जानकारी गराउनुभएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ।

# बेनीबाट म्याग्दीको सदरमुकाम स्थानान्तरण गर्न प्रस्ताव

म्याग्दी। विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महाविर पुनले म्याग्दीको सदरमुकाम बेनी बजारबाट स्थानान्तरण गर्न प्रस्ताव गर्नुभएको छ।

जिल्ला प्रशासन कार्यालय म्याग्दीमा शुक्रबार बिहान भएको जनप्रतिनिधि तथा कार्यालय प्रमुखहरूसँगको छलफलका क्रममा म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहेका मन्त्री पुनले नदी कटान, बाढीपहिरोको उच्च जोखिममा रहेको बेनी बजारबाट सदरमुकामलाई सुरक्षित र उपयुक्त ठाउँमा सार्नुपर्ने धारणा राख्नुभएको हो।

"अब सदरमुकाम कहाँ सार्ने भनेर छलफल गर्नुपर्‍यो", उहाँले भन्नुभयो, "प्रोटेक्सन गर्ने की सार्ने त्यो छलफल गरौं।" जोखिमयुक्त ठाउँको जतिसुकै संरक्षण गरे पनि प्राकृतिक विपद्लाई छेक्न नसक्ने भएकाले विकल्प सोच्नुपर्ने मन्त्री पुनको भनाइ थियो।

यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछि कालीगण्डकी नदीमा आएको बाढीले बेनी नगरपालिका-८ गणेशटाल क्षेत्रमा निर्माण भएको पक्की तटबन्ध भत्काएको र बेनीको कुनातर्फ रहेको भिरालो पाखामा जमिन चर्किएर पहिरो खस्न थालेको छ।

बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विपद्को क्षतिको विषयमा जानकारी गराउँदै नदी र पहिरो नियन्त्रण गरि सदरमुकामलाई सुरक्षित बनाउन प्रदेश र सङ्घीय सरकारबाट सहयोगको अपेक्षा राख्नुभएको थियो।

"नदीले कटान गरेको छ, भित्ताको पहिरो पटकदेखि डरलाग्दो गरी गएको छ र भूवर्गविद्हरूले अलिकति सङ्केत गर्नुभएको छ", केसीले भन्नुभयो, "सदरमुकामको बस्ती, यहाँको बैंक अर्को वर्खामा यहाँ नरहने अवस्था आउन नदिनका लागि मानसिक र भौतिक रूपमा रोकथाम गर्न सकिने बजेटको लागि माथिल्लो सरकारसँग अपेक्षा राखेका छौं।" मन्त्री पुनले सरकारले कालीगण्डकी, भोटेकोशी र बुढीगण्डकी बेसिनमा बाढीपहिरोले क्षति पुर्‍याएको निजी आवास र भौतिक संरचनाको पुनःनिर्माण तथा पुनःस्थापनाको लागि सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत काम अघि बढाएकाले तथ्याङ्क सङ्कलन र समन्वय गर्न आग्रह गर्नुभयो। "तीनै तहका सरकारको साझेदारी र सहकार्यमा पुनःनिर्माण र पुनः स्थापनाको काम अघि बढाएका छौं, सङ्घीय सरकारले उपलब्ध स्रोतसाधन परिचालनमा विभेद र कन्जुस्याइ गर्दैन", मन्त्री पुनले भन्नुभयो, "पहिलो चरणमा पछिल्लो विपद्बाट प्रभावित स्थानीय तहलाई तीन वर्गमा विभाजन गरेर रु २० लाख, रु ३० लाख र ४० लाखका दरले बजेट पठाउने निर्णय गरिसकेका छौं।" बैठकमा गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुजाली र हरिबहादुर भण्डारीले प्रदेश तहबाट हुने सहयोगका लागि भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउँदै स्पष्ट कार्ययोजना बनाएर बर्खाअघि नै काम सम्पन्न हुने गरी स्रोत परिचालनमा सङ्घीय सरकारले अग्रसरता लिनुपर्ने बताउनुभयो। प्रमुख जिल्ला अधिकारी गणेश गैरेले विपद्को समयमा भएका पूर्वतयारी, राहत, उद्दारका कामको बारेमा जानकारी गराउँदै अब पुनःनिर्माण र पुनःस्थापनामा जुट्नका लागि बजेटनै प्रमुख चुनौति बनेको बताउनुभयो। छलफलमा म्याग्दीमा क्रियाशील राजनीतिक दलका प्रतिनिधी, जनप्रतिनिधि र कार्यालय प्रमुखले भएका गतिविधि र भावी योजनाका विषयमा आफ्ना सुझाव प्रस्तुत गर्नुभएको थियो।

# पच्चिस बालबालिकाको उद्धार

काठमाडौं। भारत लैजाँदै गरेका २५ नेपाली बालबालिकाको उद्धार गरिएको छ।

वनबासबाट भारतीय सीमासुरक्षा बल (एसएसबी) ले उनीहरुको उद्धार गरेको राष्ट्रिय बाल अधिकार परिषद्ले जनाएको छ। परिषद्ले विज्ञप्ति जारी गर्दै उद्धार गरिएका बालबालिकाको उमेर ६ वर्षदेखि १६ वर्षसम्मका छन्।

हुम्ला जिल्ला सिमकोट गाउँपालिकाका २४ जना र अछाम जिल्लाको एक जना गरी जम्मा २५ (बालक १६ र बालिका ९) लाई पढाइ दिने भन्दै भारतको देहरादुन तर्फ लैजाँदै गरेको अवस्थामा भेटिएको उल्लेख छ। उनीहरुलाई भारतीय सीमा सुरक्षा बलले रोकेर नेपाल प्रहरीको जिम्मा लगाएको बताइन्छ। नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले बाल-बालिकालाई गैरकानूनी ओसार-पसार गर्न नपाइने मौलिक हकको संवैधानिक व्यवस्था छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा (४) को उपदफा (२) को खण्ड (ख) मा अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी वा शक्तिको दुरुपयोग गरी विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई मानव ओसारपसार गरेको मानिन्छ। त्यसप्रकारको गैरकानुनी काम गर्नेलाई नेपालमा भए एक वर्षदेखि दुईवर्षसम्म कैद र विदेशमा लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुने सजायको कानुनी व्यवस्था छ। बालबालिकासम्बन्धी ऐन, २०७५ ले समेत बाल बालिकालाई आफ्ना बाबुआमाबाट अलग गर्न नपाइने र पारिवारिक वातावरणमै हुर्कन पाउने अधिकार सुनिश्चित गरेको छ।

सरकारी निकायको स्वीकृति बेगर बालबालिकालाई गैरकानुनी रुपमा विदेश (भारत) लैजाने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारवाही गरी बालबालिकालाई सुरक्षित रुपमा परिवारमा पुनर्मिलन गराउन सम्बन्धित सबैमा परिषद्ले अपिल गरेको छ। पछिल्लो समय प्रहरीको सक्रियताका कारण वैदेशीक रोजगारी वा अन्य बहानामा लैजानेहरु नियन्त्रणमा परिरहेका छन्।

# दसैंमा करिब १० लाख सर्वसाधारण गाउँघर फर्किँदैछन्

काठमाडौं। दसैं नजिकिएसँगै काठमाडौं उपत्यकाबाट गाउँघर फर्किने सर्वसाधारणको भीडभाड बढिसकेको छ। घटस्थापनापछि दसैंलगायतका चाडपर्व मनाउनको लागि बाहिरिने सर्वसाधारणको सङ्ख्या वृद्धि भइरहेको छ।

वर्षदिनमा आउने चाड र इष्टमित्र र आफन्तसँगको पारिवारिक मिलन पनि हुने भएकाले पनि सर्वसाधारण ट्राफिक जाम, असुरक्षित यात्रा गरेरै भए पनि आआफ्नो गाउँघरमा फर्किने क्रम जारी नै छ। कमजोर सडक संरचना, ट्राफिक जामलगायतका अवरोधलाई छिचोल्दै सर्वसाधारण आआफ्नो गाउँघर फर्किरहेका छन्। गोदावरी नगरपालिका कैलालीका अमर महता पनि आफ्नो परिवार सहित दसैं मनाउन घर जान लागेको बताउनुभयो। "हवाई टिकट महँगिएर छोइसक्नुभएको छ। हामी त बस चढेर नै दसैं मनाउनको लागि घर जान लागेका छौं," उहाँले भन्नुभयो, "अहिलेको सडकको अवस्था हेर्दा त जाम पनि डर लाग्छ तर वर्षदिनमा आउने चाड मनाउन त जानुपर्‍यो नि!" उहाँ मात्रै होइन, काठमाडौं उपत्यकाभन्दा बाहिर घर रहेका ७४ वटै जिल्लाका सर्वसाधारण दसैंलगायतका पर्व मनाउनको लागि आआफ्नो घर फर्किँदै छन्। पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले २०८३ दसैं पर्वको लागी उपत्यका छोड्ने यात्रुहरुको सङ्ख्या न्यूनतम छ लाख ५० हजारदेखि अधिकतम नौ लाख ७५ हजार जना बाहिरिने प्रक्षेपण गरिएको छ। "दसैंमा यात्रुलाई आआफ्नो गाउँघर पुर्‍याउनको लागि न्यूनतम ४३ हजारदेखि ६५ हजार सार्वजनिक सवारी साधनका 'ट्रिप'हरुको आवश्यकता पर्नेछ," उहाँले सो क्रममा भन्नुभयो।

# भूमिहीन दलित तथा अव्यवस्थित परिवारको हातमा पुर्जा

चितवन। झापा र रुपन्देहीका ५७ भूमिहीन सुकुमवासी, भूमिहीन दलित तथा अव्यवस्थित परिवार लालपुर्जा पाएसँग जग्गाधनी बनेका छन्। सम्बन्धित जिल्लाको भूमि समस्या समाधान समितिले उनीहरूलाई लालपुर्जा वितरण गरेको हो।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयका अनुसार चितवनको इच्छाकामना गाउँपालिका-७का ३२ भूमिहीन सुकुमवासी र १ भूमिहीन दलित परिवारले लालपुर्जा प्राप्त गरेका छन्। त्यस्तै, झापाको अर्जुनधारा नगरपालिका-११ का ७ अव्यवस्थित बसोबासी परिवारलाई लालपुर्जा वितरण गरिएको छ।

यसैगरी, रुपन्देहीको गैडहवा गाउँपालिका-८ र ९ का १४ भूमिहीन दलित तथा दुई भूमिहीन सुकुमवासी परिवारले जग्गाधनी पुर्जा पाएका छन्। लामो समयदेखि आफ्नो नाममा जग्गाको स्वामित्व नपाएका स्थानीयले जग्गाधनी पुर्जा प्राप्त गरेपछि ५७ परिवार कानुनी रूपमा जग्गाधनी बनेका छन्। सरकारले भूमिहीन दलित, भूमिहीन र सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानलाई उच्च प्राथमिकतामा राख्दै देशभर लालपुर्जा वितरण कार्यलाई अघि बढाएको छ।

मन्त्री रावलले कानुनी अड्चन नरहेकाले भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानमा सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो। सरकारले पछिल्लो केही समयदेखी भूमिहिनहरुलाई पुर्जा वितरणका लागि काम गरिरहेको बताउँदै आएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com